# पृष्ठभूमि

बागमती प्रदेशका युवालाई सक्षम र सशक्त बनाउँदै युवासँग सम्बन्धित पाँच विविध विषयमा आधारित भएर छलफल गरी ती विषयलाई घोषणापत्रको रुपमा तयार गरी प्रदेश तथा संघीय सरकार समक्ष प्रस्तुत गरी ती विषयहरुलाई सरकारको नीति तथा कार्यक्रमहरु मार्फत सुनुवाई गर्न पैरवी गर्ने उद्देश्यले प्रदेश युवा परिषद् बागमतीको आयोजनामा मिति २०८० असार ११ र १२ गते प्रदेश राजधानी हेटौंडामा युवासँग सरोकार राख्ने विविध विषय र सवाल उपर छलफल गर्दै ११ बुँदे हेटौंडा घोषणापत्र जारी गरी सो पत्र बागमती प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री शालिकराम जमकट्टेललाई हस्तान्तरण गर्दै पहिलो बागमती प्रदेश युवा सम्मेलन सम्पन्न भएको छ। माननीय प्रदेश सरकार सामाजिक विकास मन्त्री श्री कुमारी मोक्तानले उद्घाटन गर्नु भएको सम्मेलन प्रदेशका १३ जिल्लाबाट समानुपतिकरुपमा छनौट भई उपस्थित भएका २०० जना युवाहरुको सक्रिय सहभागिताबाट तयार गरिएको ११ बुँदे निचोडले युवाहरुले भोगिरहेको चुनौती, युवा लक्षित कार्यक्रमको निर्माण तथा कार्यान्वयन, युवाको सामाजिक तथा राजनीतिक वृत्तमा प्रभावकारी सहभागिता, युवा माझ विद्यमान समस्या तथा बढ्दो नैराश्यता र बढ्दो बिदेशिने समस्याउपर छलफल गरी निष्कर्षसहित ठोस समाधानका उपायहरु जारी गरिएको थियो।

### कार्यक्रमको उद्देश्य र छलफलका विषयहरु

१ युवालाई सार्वजनिक र सामाजिक जीवनमा सहभागिताको आवश्यकता र औचित्य।

२ खोज तथा अन्वेषणमा युवाको सहभागिता तथा नविनतम सोच।

३ उद्यम संस्कृति तथा व्यवसायको योजनावद्ध सुरुवात र प्रभावकारी कार्यान्वयन।

४ सूचनाप्रविधि, सामाजिक सञ्जाल उपयोगिता र प्रभावकारिता अभिमुखीकरण।

५ सक्षम युवा र युवा नीति।

# उद्घाटन सत्र

प्रदेश युवा परिषद्, बागमतीका कार्यकारी उपाध्यक्ष श्री सन्तोष चौलागाईको सभाध्यक्षतामा शुभारम्भ भएको कार्यक्रमको उद्घाटन बागमती प्रदेश सामाजिक विकास मन्त्री श्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता मा भएको थियो। प्रदेश युवा परिषद्की सदस्य श्री सुब्बा रानी महर्जनको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रम अतिथि तथा प्रमुख अतिथिहरुको शुभकामना मन्तव्य र कार्यकारी उपाध्यक्षद्वारा प्रस्तुत कार्यक्रमको अवधरणापत्र उपर छलफल गरी उद्घाटनसत्र सम्पन्न भएको थियो।




*उद्घाटनसत्रका क्रममा राखिएका महत्त्वपूर्ण विचारहरु तल उल्लेख गरिएको छ।*

## प्रदेश युवा परिषद, बागमतीकी सदस्य श्री सुब्बा रानी महर्जनको स्वागत मन्तव्य

- यो कार्यक्रममा सहभागी युवाहरुले यसलाई अवसरको रुपमा लिई आफ्नो व्यक्तिगत सम्बन्ध विस्तार र आफ्नो नेटवर्क विस्तारमा उपयोग गर्न सके प्रतिफल पाइने ।
- यो कार्यक्रमले नेतृत्व क्षमता बृद्धिका लागि टेवा पुर्‍याउने ।
- युवाहरुलाई नवप्रवर्तन र नवीन सोच विकासका लागि प्रेरित गर्ने विषयवस्तुहरु समावेश भएका युवालाई उत्प्रेरणा प्राप्त हुने अपेक्षा ।




## प्रदेश युवा परिषद, बागमतीका कार्यकारी उपाध्यक्ष श्री सन्तोष चौलागाईद्वारा प्रस्तुत कार्यक्रमको अवधारणा पत्र

संघीयताको कार्यान्वयन पछि बनेका विभिन्न संरचना मध्ये प्रदेश संरचना महत्वपूर्ण रहेको छ । यससँगै बागमती प्रदेश मुलुककै लागि महत्वपूर्ण प्रदेश रहेको छ । यहाँको जनसंख्या मध्ये बागमती प्रदेशमा ४० प्रतिशत हाराहारीमा युवा रहेका छन् । चालिस प्रतिशत जनसंख्या रहेको युवाको प्रदेश संरचनामा युवा परिषद्को अवधारणा अर्को महत्वपूर्ण पक्ष हो । युवालाई मुलुकमै शिक्षा, ज्ञान, सीप, सक्षमता सुनिश्चित गर्नु अनिवार्य छ । बागमती प्रदेश युवा परिषद्ले प्रदेशका युवालाई सक्षम र सीपयुक्त बनाउनुका साथै प्रदेशको समयानुकुल सकारात्मक परिवर्तन युवाकै अग्रसरतामा सावित गराउने परिकल्पना बोकेको छ ।

परिषद्ले २०७८ असारमा प्रदेश युवा परिषद् स्थापनाभएदेखि नै युवालक्षित विविध क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । बागमती प्रदेश युवा परिषद्ले २०७९ असोजमा आफ्नै नीति बनाएको छ भने दीगो विकास र समृद्धिका लागि सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन नै मूलनीति बनाएको छ । सँगसँगै प्रदेश सरकारलाई आवश्यक परामर्श दिने साथै आवश्यकताअनुसार दवाव सिर्जना गर्न पनि परिषद्अग्रसर छ । जीवनोपयोगी शिक्षा, सीप र उद्यमशीलता विकास, नेतृत्व विकास तथा युवा सशक्तीकरण मार्फत युवालाई प्रदेश विकासको मूलधारमा ल्याउनुपर्ने आवश्यकता छ ।

स्वदेशमा रोजगारीका अवसरको अपर्याप्तता, युवामा लगानीको कमि, गरिबी लगायतले युवा पलायन दिनानुदिन बढ्दो क्रममा रहँदा देश युवाविहीनता उन्मुख छ । साथै युवाहरुमा समेत वितृष्णा तथा मानसिक तनावका कारण आत्महत्या गर्ने युवाको सङ्ख्या बढ्दो छ । प्रतिवर्षश्रमबजारमा ५ लाख युवा आउने भए तापनि अझै कूल जनसङ्ख्याको २.३ प्रतिशत पूर्ण बेरोजगार तथा ३० प्रतिशत अर्धबेरोजगार छन् । खाडीलगायत अन्य मूलुकमा चुनौतीपूर्ण रोजगारीका लागि युवा विदेशिन बाध्य छन्। सशस्त्र द्वन्द्व पश्चात् युवाको नीति, निर्माण र निर्णय प्रक्रियामा युवा सहभगिता केही हदसम्म सुधार आएको भए तापनि आवश्यक मात्रामा अझै सहभागिता सुनिश्चित हुन सकिरहेको छैन ।

विविध कारणले युवा विदेशिन बाध्य छन्, जसले गर्दा ठूला पुँजी पलायनसमेत भइरहेको छ । पछिल्लो १० महिनामा ६ लाख युवा उच्च शिक्षाका लागि बिदेशिएको तथ्याङ्क रहेको छ । यस बाहेक काम गर्ने र सरकारी तथ्याङ्क बाहेक पनि लाखौं युवा रोजगारीका लागि विदेशिएका छन्। यो तथ्याङ्क हेर्दा यस अवधिमा १० लाख बढी युवा विदेशिएका छन् । स्वदेशमा रहेका बेरोजगार युवालाई आर्थिक उत्पादन र सीपसँग जोड्न सकिएको छैन । सीमान्तकृत, अल्पसङ्ख्यक, आदिवासी, दलित, मधेशी र अपाङ्गता भएका युवामा बेरोजगारी दर उच्च रहेको देखिन्छ । प्राथमिक र विशेष प्राथमिक क्षेत्रका युवाको रोजगारीमा मात्र होइन खेलकुद र कला क्षेत्रमा पनि उपस्थिति

अत्यन्तै न्यून रहेको छ । बागमती प्रदेशमा युवाका तमाम् सवालको सम्बोधन गरी प्रदेश विकासको मूल प्रवाहमा ल्याउन नीतिगत तथा योजनाको तहमा प्रदेशको प्रथम आवधिक योजना २०७६/७७-२०८०/८१, प्रदेश युवा परिषद् ऐन २०७६, प्रदेश युवा परिषद् नियमावली २०७७ र संस्थागत रूपमा युवा तथा खेलकुद मन्त्रालय, प्रदेश खेलकुद परिषद्र प्रदेश युवा परिषद्क्रियाशील छ ।

हामीसँग उपलब्ध स्रोतसाधनको उपयोग गरेर आजका युवा पुस्तालाई सक्षम र सशक्त बनाउँदै लैजान सके भोलिको सिंगो मुलुकलाई नेतृत्व गर्ने दक्ष समूह निर्माण गर्न सकिन्छ । यसै सन्दर्भमा प्रदेशका युवालाई सक्षम र सशक्त बनाउँदै लैजान प्रदेश युवा परिषद्ले पहिलो पटक प्रदेशस्तरीय युवा सम्मेलन २०८० को आयोजना गर्दैछ । पहिलो सम्मेलन भएकोले हाम्रा लागि यो प्रयास उत्साहको विषय बनेको छ । हामी युवा सम्मेलनलाई उपलब्धीमूलक बनाउन सम्भावित व्यति, संस्था, समूहसँग सहकार्यको प्रयास गरिरहेका छौं । आजको समयमा युवाहरु द्विविधामा रहेका छन, नेपालमै बस्ने कि बिदेश जाने ? नेपालमै बस्दा के गर्ने ? आफ्ना नवीनतम् सोचले काम गर्छ कि गर्दैन ? कसरी शुरुवात गर्ने ? कहाँ जाने ? आफुले गर्ने कामको प्रचार कसरी गर्ने ? यि विविध विषयमा घनिभूत छलफल हुनसकिरहेकोछैन । युवाको इच्छा र आवश्यकता अनुसार काम गर्ने वातावरण सिर्जना गर्नु, पर्याप्त मात्रामा युवालक्षित बजेट कार्यक्रम विनियोजन गर्नु, श्रमको सम्मानको वातावरण तयार गर्नु, श्रम बजारको माग र श्रम शक्तिका बीचमा प्रभावकारी समन्वय गर्नु, विश्व भूमण्डलीकरण तथा उदारीकरणले गर्दा देखा परेका विकृति-विसङ्गति र उपभोक्तावादको प्रभाव न्यूनीकरण गर्नु, युवामा सिर्जनात्मकता वृद्धि गर्नु, युवाको विकास र राष्ट्रको समृद्धिका लागि विज्ञान तथा प्रविधिको पर्याप्त सदुपयोग गर्नु, सामाजिक सञ्जाल तथा डिजिटल उपकरणहरूको दुरूपयोगलाई दुरुत्साहित गर्नु, खराब आचरण र कुलतमा युवाको संलग्नतालाई रोकेर युवाको सर्वाङ्गीण विकास गर्नु गम्भीर चुनौतीका रूपमा रहेका छन् ।




देशमा केहि छैन, केहि हुँदैन भन्ने नकारात्मक सोचलाई देशमै केहि छ धेरै कुरा गर्नु छ त्यो हाम्रै पुस्ताले र मैलेनै गर्नु छ भन्ने सकारात्मक र श्रृजनात्मक भावना विकास गराउनु चुनौती रहेको छ । बागमती प्रदेशमा

देशको राजधानीसमेत पर्नु र युवा उमेरका जनसङ्ख्या ठूलो मात्रामा हुनुले सामाजिक रूपान्तरण तथा भौतिक र आर्थिक विकासका गतिविधि कार्यान्वयनमा सहज हुनुका साथै विदेशिएका युवा स्वदेश फर्किंदा ज्ञान र सीपसहित आउने भएकाले युवाको ज्ञान र सीपलाई प्रदेशको विकासमा अधिकतम परिचालन गर्न सकिने, युवा जनसङ्ख्यालाई कृषिको विकास र आधुनिकीकरणमा लगाउन सकिने, युवाको सहभागिता र परिचालनबाट मानवीय, आर्थिक र भौतिक विकास तीव्र गतिमा गर्न सकिने, आन्तरिक उत्पादन बृद्धि गरी आयात सङ्कुचन गर्न सकिने, युवालाई विज्ञान-प्रविधिको खोज- अनुसन्धानमा लगाउन सकिने तथा युवाको सहभागितामा सभ्य, समुन्नत र समृद्ध समाज निर्माणको अभिलाषा सहजै पूरा गर्न सकिन्छ ।

त्यसैगरी कूल जनसंख्याको करिव ४० प्रतिशत युवा हुनु समृद्ध नेपालको राम्रो लक्षण मान्न सकिन्छ । विज्ञान र प्रविधिको विकासले युवा उद्यम र उद्यमशीलतामा सहयोग पुग्नु, राष्ट्रिय युवा नीति, युथ भिजन २०२५ को कार्यान्वयनले पनि युवाका लागि अवसर सिर्जना गरेको छ । स्थानीय तहमा ठूलो सङ्ख्यामा युवा जनप्रतिनिधि निर्वाचित हुनुले आगामी दिनमा यसले सकारात्मक प्रभाव पार्ने आशा गर्न सकिन्छ । बागमती प्रदेशमा युवा वैज्ञानिक प्रोत्साहन कोष, प्रादेशिक शिक्षा नीति, प्रादेशिक विज्ञान प्रविधि तथा नवप्रवर्तन नीतिको कार्यान्वयन आदिबाट युवाको विकासमार्फत बागमती प्रदेशको समृद्धि हासिल गर्न सकिन्छ । अत: प्रदेशका युवाको वर्तमान अवस्थाको विश्लेषणका आधारमा युवा विकासका विद्यमान समस्या तथा चुनौती सम्बोधन गरी उपलब्ध सम्भावना र अवसरलाई आत्मसात गरी अगाडि बढ्नु बागमती प्रदेशको आवश्यकता हो । त्यही आवश्यकता पूरा गर्नतर्फ प्रस्तुत प्रदेश युवा नीति लक्षित छ ।

प्रदेश युवा सम्मेलन २०८० विशेषगरी पाँच विषयमा केन्द्रित हुनेछ । १ युवालाई सार्वजनिक र सामाजिक जीवनमा सहभागिताको आवश्यकता र औचित्य । २ खोज तथा अन्वेषणमा युवाको सहभागिता तथा नविनतम सोच । ३ उद्यम संस्कति तथा व्यवसायको योजनावद्ध सुरुवात र प्रभावकारी कार्यान्वयन । ४ सूचनाप्रविधि, सामाजिक सञ्जाल उपयोगिता र प्रभावकारिता अभिमुखीकरण । ५ सक्षम युवा र युवा नीति । सहभागिता प्रदेश युवा सम्मेलन २०८० मा जिल्ला युवा समितिमार्फत र खुल्लारुपमा इच्छुक युवा गरी एक सय ५० भन्दाबढी युवालाई सहभागी गराउँदै छौं । सम्मेलनमा युवाको समावेशी सहभागिता रहनेछ । प्रदेशका प्रतिनिधि युवालाई हामी प्रदेशको समग्र विकासको परिकल्पना निर्माण गर्न प्रेरित गर्नेछौं ।

यो पहिलो प्रयास भएकोले हामी समग्रमा प्रदेशका प्रतिनिधि युवाबाट उनीहरुको अपेक्षालाई बुझ्ने छौं । यसक्रममा हामी मुलत: प्रदेशका युवालाई प्रेरित गर्ने र अभिमुखीकरण गर्ने उद्देश्यले प्रदेश युवा सम्मेलनको आयोजना गर्दैछौं । अपेक्षा र उपलब्धी सम्मेलनमा युवाका अपेक्षाहरु, युवाले भोगिरहेका समस्याहरु, युवाका अवसरहरु, युवा व्यवस्थापन गर्न राज्यले गरिरहेका प्रयासहरु आदिको बारेमा युवाहरुकै मुखबाट प्रत्यक्ष रुपमा सुन्दै विज्ञ र सरोकारवाला महानुभावहरुको अनुभव र संभावनाका विषयमा वहस र छलफलहरु गरिने छ । दुई दिने यो सम्मेलनका निष्कर्षहरुलाई हेटौंडा घोषणापत्रको रुपमा जारीगर्दै युवाका प्रतिनिधि आवाजलाई नीति निर्माण र कार्यान्वयनको तहमा सहयोगी हुने विश्वास लिइएको छ । यस सम्मेलनले जसको सवाल उसकै नेतृत्व स्थापित गरी विधिको शासन, संस्थागत र दिगो विकासलाई महत्व दिनेछ । युवामैत्री लगानीका नीति, स्वाबलम्वी, स्वरोजगार सिर्जना जस्ता कार्यक्रमहरुको अभिबृद्धिमा सहयोग पुऱ्याउँदछ ।

श्रम, सीप क्षमता अभिबृद्धि, प्राविधिक शिक्षा, स्वदेशी उत्पादनलाई सम्मान र प्रोत्साहन गर्न यो सम्मेलन कामयावी हुनेछ । प्राविधिक, उद्योग धन्दा, औद्योगिक क्षेत्रमा खपत हुने जनशक्ति विकासको खाका तयार गर्न सहयोग पुग्ने छ भने स्वदेशमा बसेर मातृभूमिको सेवामा समर्पित युवा मनको विकासलाई प्राथमिकता दिने र खेलकुद, साहसिक पर्यटनको क्षेत्रमा युवा परिचालन गरी युवा परिचालन गर्ने नीति निर्माण गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । यस सम्मेलनमा सबैको सक्रिय सहभागिताको अपेक्षा गरिन्छ । धन्यवाद ।

## हेटौंडा उपमहानगरपालिका प्रमुख श्री मिना कुमारी लामाको शुभकामना मन्तव्य ।



- युवाहरुलाई उत्पादन र उद्यमशीलतासँग जोड्न सके मात्र देश विकासको गतिलाई तिब्रता दिन सकिन्छ ।
- विज्ञहरुको विज्ञता र युवाहरुको सहभागितामुलक छलफलबाट प्राप्त घोषणापत्रले युवा लक्षित कार्यक्रम निर्धारण र कार्यान्वयन गर्न सहयोगी हुने विश्वास गर्न सकिन्छ ।
- यो १३ वटै जिल्लाबाट भएको युवाहरुको सहभागिता र यस कार्यक्रममा हुने छलफल, अन्तरक्रिया, बहसले प्रदेशको विकास निर्माणमा युवाको भुमीकालाई अझ बलियो बनाउने र यस सम्मेलनको सीकाइबाट युवमहरुले समुदायमा सकारात्मक भुमीका खेल्नेछ भन्नेमा म विश्वस्त छु र म यस कार्यक्रमको पुर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु ।

## बागमती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा.डा. नर विक्रम थापाको शुभकामना मन्तव्य



- सिर्जनशीलता र उद्यमशीलताले नै युवालाई सशक्त गर्न सकिन्छ ।
- आन्दोलनबाट प्राप्त उपलब्धीलाई रुपान्तरणतर्फ केन्द्रित गर्न युवाहरुको सहभागिता र भूमिका प्रमुखरहन्छ ।

## मनानीय प्रदेश सभा सदस्य तथा पूर्व श्रम, रोजगार तथा यातायात मन्त्री श्री एका लाल श्रेष्ठको शुभकामना मन्तव्य



- मुलुक अहिले राजनीतिक अस्थिरता भएको समयमा युवाहरुले देशमा भविष्य देख्न सकेको छैन । रोजगारी र शिक्षाका लागिपलायन भैरहेको छ। अहिले युवाहरुको भविष्य अन्धकारमा छ ।
- स्वदेशमै बस्छु भनेर यहीं केहि गर्छु भन्ने युवाहरु डिप्रेशनको सिकार हुन पुगेका छन् । युवाहरुको आशा सबै निरशातर्फ उन्मुख भैरहेको छ ।
- युवाहरुलाई रोजगारी र उद्यमशीलतासँग जोड्न सक्नु पर्छ ।
- युवाहरुको श्रम, सीप, क्षमता राज्यले भरपुररुपमा प्रयोग गर्न सरकार गम्भिर छैन ।
- प्रदेश सरकारले युवा परिषद् र खेलकुद परिषद्लाई गाभ्ने निर्णय गरेर युवाहरुलाई झनै उपेक्षा गर्न खोज्दै छ ।
- २ दिने कार्यक्रममा भरसक सम्बन्धित मन्त्री र मुख्यमन्त्री राखेर छलफल गर्ने प्रयास गर्नुहोस निष्कर्ष निकाल्ने प्रयास गर्नुहोस् ।
- करोडौं रकम गुम्बा र मन्दिरलाई विनियोजन गर्न सक्ने सरकारले युवा लक्षित क्षेत्रलाई अपहेलित गरिरहेको

छ ।

### मनानीय प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी




- बजेटमा व्यवस्था भएन भनेर निराश हुनु पर्ने चुप लगेर बस्नु हुँदैन काम गर्दै जानुहोस्
- युवा शक्ति भनेको सत्तामा पुग्ने भऱ्याङ्ग मात्र हैन, आन्दोलनको भिड मात्र होइन देश निर्माणको मजबुत आधार हुने गरी युवा सशक्तीकरण गर्नु आवश्यक छ ।
- विदेश युवा जानु पर्छ जने पढ्ने सिक्ने सीप विकास गर्ने अनि फर्किने स्वदेश । स्वदेश फर्किएर स्वरोजगार हुनु पऱ्यो र अरुलाई पनि रोजगारी दिनु पऱ्यो ।
- अनुदानको आशा नगरौ आफ्नै पाखुरा बजारेर रोजगार तयार गर्नेतिर लाग्ने गरी योजना तयार गर्न सफल होस् यो कार्यक्रम भन्ने शुभकामना व्यक्त गर्दछु ।

### प्रमुख अतिथि मनानीय प्रदेश सामाजिक विकासमन्त्री कुमारी मोक्तानको मन्तव्य

- यो सम्मेलन आक्रोश पोख्ने वा वादविवाद गर्ने भन्दा पनि रचनात्मक छलफलको मञ्च बन्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछु ।
- कार्यक्रमको उद्देश्य र मर्मलाई ध्यानमा राखी घोषणापत्र तयार गर्नु पर्छ, राम्रो छलफल गरी निचोड निस्कियोस् शुभकामना छ ।
- २०७२ सालको संविधान हामी युवाले तयार गरेका हौं । प्राय: निर्वाचित प्रतिनिधिहरु युवा छन् र निर्माण र कार्यान्वयनमा समेत युवाहरुको संख्या उल्लेखनीय भएकाले भविष्य उज्ज्वल छ ।
- यो सम्मेलनले तयार गर्ने निष्कर्षसहितको घोषणापत्रको स्वामित्व प्रदेश सरकारले लिन्छ र आवश्यक नीतिगत पहलकदमी पनि लिने विश्वास व्यक्त गर्न चाहन्छु । यो सम्मेलनबाट प्राप्त निचोड सरकारका लागि पुँजी हुनेछ ।



# प्रमुख सत्र

## १. गुणस्तरीय शिक्षा, नविनता र नवप्रवर्तन




पूर्व मिस नेपाल सुगारिका केसीले मध्यस्थता गर्नु भएको सत्रलाई प्रथमतः कारखाना समुहका प्रमुख कार्यकारी अधिकृत श्री पवित्र बाहदुर गौतमले आफ्नो प्रस्तुतीकरण मार्फत नविनता र नवप्रवर्तन विषय प्रवेश गर्दै आफ्नो व्यावसायिक अनुभव र ज्ञान बाँड्नु भयो। आफ्नो प्रस्तुतीकरणका क्रममा गौतमले शिक्षाबाटसीप सृजनशीलता समालोचनात्मक सोच र समस्या समाधान गर्न सक्ने कुरालाई ध्यान दिंदै सबैले सहकार्य र सञ्चारको सीप विकास गर्दै जानु पर्ने विचार व्यक्त गर्नु भयो।

विज्ञान, प्रविधि र नवीनता विषयमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. गिरीराज त्रिपाठीले सृजनशीलता र समालोचनात्मक सोच विकासको वैज्ञानिक पक्षबारे चर्चा गर्दै नवप्रर्वतनको अन्तर्राष्ट्रिय आयाम र उदाहरणहरु प्रस्तुत गर्नु भएको थियो।

दुबै विज्ञहरुको प्रस्तुतीकरण पश्चात मध्यस्थकर्तापूर्वमिस नेपाल सुगारिका केसीले सहजीकरण गरिएको प्यानल छलफल संचालन गरिएको थियो। विज्ञका रुपमा प्रस्तुतीकरण गर्ने २ विज्ञका अतिरिक्त जिल्ला वन कार्यालयका प्रमुख वन अधिकृत विष्णुप्रसाद आचार्य र राजिव तिमल्सिना समेत सहभागिता रहेको थियो। यो प्यानल छलफलबाट प्राप्त निचोडलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- नेपालीहरुको सृजनशीलतामा ह्रास आइरहेको छ। सीपले सृजनशीलता बृद्धि गर्दै जान्छ तसर्थ सीप विकासलाई जोड दिनु पर्छ।
- हाम्रो शैक्षिक प्रणालीले निर्देशन पालना गर्न सक्ने मात्र बनाइरहेको छ त्यसैले व्यापक शिक्षा प्रणाली सुधारको आवश्यकता छ।
- विषयवस्तु लादेर केहि सिकाउनु भन्दा सिकाई पछिको फाइदा देखाएर सिकाउँदा नतिजा राम्रो आउँछ।
- वैज्ञानिक संस्कारलाई प्रवर्धन गर्न आधारभुत तहाँबाटै धैर्यता बारे बुझाउँदै आउनु पर्ने कुरा शिक्षा नीतिमा राख्नु जरुरी छ।
- Start up का लागिनीति मैत्री नहुँदा युवाहरु प्रोत्साहित हुनबाट बञ्चित भएका छन्।
- Start up गर्न चाहनेका लागि जोखिम मोल्नका लागि आवश्यक आत्मविश्वास नीतिले दिन सक्नु पर्छ।

## २. सामाजिक र सार्वजनिक जीवनमा युवा संलग्नता




पत्रकार अध्यापक तथा सामाजिक अभियन्ता श्री सुरेश श्रेष्ठले मध्यस्थता गर्नु भएको सत्रमा सर्वप्रथम पत्रकार टिकाराम यात्री र लेखक/विश्लेषक केशव दाहालले आफ्नो अनुभव तथा विषयउपर आफ्नो दृष्टिकोण रख्नु भएको थियो। आफ्नो विचार र दृष्टिकोण राखिसकेपछि सञ्चालित खुल्ला सत्र छलफल मा सहभागीहरुको जिज्ञासा र सत्रमा उठेका छलफलको निम्न निचोडहरु प्राप्त भएका छन्।

मान्छे आफु हुनुको अस्तित्व पुष्टी गर्न कर्म गर्छ र सोको प्रचार गर्न चाहन्छ, त्यसैको फलस्वरुप मानिस अहिले सामाजिक सञ्जालमा सक्रिय छ र आफ्नो विचार व्यक्त गर्दछ। यसरी विचार व्यक्त गर्ने क्रममा के लेख्ने ? कस्तो भाष्य प्रयोग गर्ने ? बारे अधिकांश युवाहरुले ध्यान नपुऱ्याउने गरेको पाइएको छ। सामाजिक सञ्जालको समुचित प्रयोगबारे युवाहरुमा सचेतनाको अभाव देखिएको परिप्रेक्षमा सरकार तथा सम्बन्धित पक्षले कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिन्छ।

सामाजिक तथा सर्वजनिक जिवनमा व्यस्त रहँदा व्यक्तिगत जिवनमा प्रभाव पर्ने घटनाहरु दिनानुदिन बढिरहेको अहिलेको सत्य हो, यसलाई सबै युवाहरुले प्राथमिकतामा राख्न जरुरी देखिन्छ। व्यक्तिगत र व्यावसायिक जिवन बीच तारतम्य मिलाई समय व्यवस्थापन गर्न नै अहिले सार्वजनिक जिवनमा सफल हुने गुरु मन्त्र हो।

## ३. देश निर्माणमा युवा

पूर्व मिस नेपाल सुगारिका केसीले मध्यस्थता गर्नु भएको यो सत्रमा राष्ट्रिय युवा परिषद्का प्रथम कार्यकारी उपाध्यक्ष श्री माधव ढुङ्गेल, राष्ट्रिय युवा परिषद्का वर्तमान कार्यकारी उपाध्यक्ष श्री सुरेन्द्र बस्नेत, नेपाल जेसीजका पूर्व अध्यक्ष तथा अष्ट्रेलियाका लागि नेपालका पूर्व राजदुत श्री महेश दाहालले आफ्नो अनुभव र विचार राख्दै सत्र प्रारम्भ गर्नु भएको थियो। विज्ञहरुले आफ्नो विचार राखे पश्चात बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष श्री सन्तोष चौलागाईसम्मिलित विज्ञ समूह बीच सहभागीसँग अन्तरक्रियात्मक छलफल संचालन गरिएको थियो। सत्रमा छलफल भएका र निस्किएका निचोडहरु यस प्रकार छन्।



पढाइसँगै कमाईको अवधारणाको विकास गर्दै जानु अहिले को आवश्यकता हो । भु-उपायोगको नीतिलाई युवा स्वरोजगारसँग जोड्न सके युवालाई देश विकासमा प्रत्यक्ष संलग्न गर्न सकिन्छ । यसका निमित्त नीतिगत निर्णय गर्न आवश्यक छ, नीतिमा रहेका बाधा आड्काउ फुकाउँदै युवामैत्री नीतिले मात्र युवालाई देश निर्माणप्रति परिचालित गर्न सकिनेछ । युवाहरुलाई सीपमा पोख्त पार्न विद्यालयबाट नै एक शिक्षण संस्था एक उद्यमको अवधारणामा कार्य थालनी गर्नु पर्दछ । सामाजिक सञ्जालको समुचित प्रयोगबारे पालिकास्तरमा युवा लक्षित सञ्चार साक्षरता (media literacy) कार्यक्रम संचालन गर्नु पर्दछ । देश विकासमा ठुलो अवरोधकारुपमा रहेको भ्रष्टाचार नियन्त्रणका लागि युवाहरुलाई जागरुक गर्दै परिचालन गर्नु पर्दछ । स्वयम्सेवकको रुपमा युवा परिचालन गरी युवालाई थप मर्यादित, अनुशासित र जिम्मेवार बनाउन नीतिगत व्यवस्था गर्नु पर्ने देखिन्छ ।

## ४. विद्या चापागाईसँग अन्तरक्रिया

यो सत्रमा नेपालकी लोकप्रिय पत्रकार तथा हेर्ने कथा कार्यक्रमकी सञ्चालक श्री विद्या चापागाईसँग सहभागीहरुले खुल्ला जिज्ञासा राख्दै उहाँका अनुभवहरु मार्फत सिक्ने अवसर प्राप्त गरेका थिए । लामो समय मिडियासम्बन्धी अध्ययन तथा मिडियाकर्मीको क्षमता विकाससम्बनधी परियोजनामा आवद्ध जीवन शर्माले सहजीकरण गर्नुभएको सत्रमा कर्मको निरन्तरताले कसरी सफलतासम्म पुग्न सकिन्छ भन्ने उदाहरण बनेको हेर्ने कथाको टोलीले आफ्नो भोगाई सहभागीबीच राख्नु भएको थियो । निरन्तरता, ज्ञानलाई अद्यावधिक गर्ने बानी, नवीन सोचले मात्र सफलताको बाटो सहज बनाउन सकिने सन्देशसहित सत्र अन्त्य गरिएको थियो ।




## ५. उद्यम संस्कृति तथा व्यवसायको योजनावद्ध सुरुवात र प्रभावकारी कार्यान्वयन ।

प्राध्यापक तथा व्यवसायी श्री निराज खनालले सहजीकरण गर्नु भएको यो सत्रलाई उद्योग संघ मकवानपुरका अध्यक्ष श्री स्वागत राज प्याकुरेलले सहजीकरण सहयोग गर्नु भएको थियो । बिभिन्न क्षेत्र मा अब्बल वयवसायी का रुपमा कार्य गरिरहेका ५ जना युवा वक्ताका रुपमा सत्रमा सहभागी भएका थिए । युवा व्यवसायी प्रार्थना साख्व, सुवास सापकोटा, सुहृदय चापागाई, सुयश कार्की र नुररानी ढुङ्गेलले खुल्लासत्रमा सहभागीबाट आएका जिज्ञासाहरु समाधान गर्नुका साथै आ-आफ्नो अनुभव समेत सुनाउनु भएको थियो । सानो लगानीबाट सुरुवात गर्न सकिने व्यवसायका अवसर, चुनौति, नीतिगत बाधाहरू, र आवश्यक स्रोत, साधनहरुको समुचित प्रयोग कसरी गर्ने भन्ने विषयमा छलफल

गरिएको थियो। व्यवसाय सुरु गर्न ठुलो रकम भन्दा पनि ठुलो र दिर्घकालिन सोच महत्वपूर्ण रहेको र ठुलो सोचसहित सानो लगानीबाट सुरु गरिएको व्यवसाय दुरगामी हुने निष्कर्ष निकालिएको थियो। आवश्यकता र उपलब्धता बीचको अन्तर पहिचान गरी व्यावसयिक योजना बनाउन सक्नु नै बुद्धिमतापूर्ण हुने र सो को समुचित प्रयोग गरी कार्य गर्दा सफलता सुनिश्चित हुने कुरा सबै सफल व्यवसायीहरुको भोगाइ रहेको समेत सहभागी हरुलाई जानकारी गराइयो।




## ६. सूचना प्रविधि, सामाजिक सञ्जालको उपयोगिता र प्रभावकारिता अभिमुखीकरण

टेलिभिजन पत्रकार, कवि श्री रुपेश श्रेष्ठले सहजीकरण गर्नुभएको यो सत्रलाई कानुन व्यवसायी श्री सन्तोष सिग्देल र नेपाल प्रहरीको साइबर अपराध अनुसन्धान ब्यूरोका विज्ञ रविन राज मैनालीले विद्युतीय र डिजिटल मिडिया मार्फत हुने अपराधको प्रकृति, कानुनी व्यवस्था, बच्ने उपायहरु बारे विभिन्न समयमा भएका अपराधका घटनाको उदाहरणसहित प्रस्तुतीकरण र खुल्ला सत्रको छलफल मार्फत चिरफार गरिएको थियो। भौतिक जगतमा हुने अधिकारको डिजिटल दुनियाँमा हुने विस्तार नै डिजिटल अधिकार हो भने त्यसको हनन् हुनु कानुन विपरित हुने र त्यस्का लागि कानुनमा भएका व्यवस्थाबारे सहभागीहरु सू-सुचित भएका थिए। यो सत्रले सामाजिक सञ्जालको समुचित प्रयोग कसरी गर्ने र डिजिटल अपराधबाट कसरी बच्ने भन्ने बिषयमा सहभागीहरुको ज्ञान अभिबृद्धि गर्न सफल रहेको थियो।



## युवा बर्ष पुरस्कार

सम्मेलनको समापनको अवसरमा परिषद्ले विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका ५ जना युवालाई पुरस्कृत गरेको थियो । फरक क्षमता भएकी कलाकार काठमाडौंकी सुजल बम, भाषा, संस्कृति र साहित्य क्षेत्रका मकवानपुरको थाहा नगरपालिका बिर्खे अन्जान, नवप्रवर्तनतर्फ चितवनका अभय परियार, उद्यमतर्फ ललितपुरको आमा–छोरी अचार उद्योग र सामाजिक सेवाको क्षेत्रमा ललितपुरकी अंशु कार्कीलाई युवा बर्ष पुरस्कारद्वारा सम्मान गरिएको थियो । सबैलाई बागमती प्रदेशका माननीय मुख्यमन्त्री शालिकराम जम्कट्टेलले जनही २५ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गर्नुभएको थियो ।






## उपलब्धी र निष्कर्ष

सम्मेलनको समापनका अवसरमा ११ बुँदे हेटौंडा घोषणापत्र जारी गरिएको छ । युवालाई ज्ञान, सीप र दक्षतायुक्त बनाउन परिषद्को अग्रसरतामा प्रथम युवा सम्मेलन आयोजना गरिएको उल्लेख गर्दै परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले ११ बुँदे घोषणापत्र जारी गर्नुहुँदै मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई घोषणापत्र बुझाउनुभएको थियो । घोषणापत्र बुझ्नु हुँदै मुख्यमन्त्री जम्कट्टेलले युवामार्फत समृद्ध बागमती प्रदेश निर्माण गर्ने बताउनु भयो । घोषणापत्रमा उल्लेख भएका विषयहरु प्रदेश सरकारको नीतिमा समावेश गरी आवश्यक योजना ल्याउने प्रतिवद्धता पनि मुख्यमन्त्री जम्कट्टेलले व्यक्त गर्नु भएको थियो ।

"हामी युवालाई सीपयुक्त बनाउँदै समृद्ध नेपाल बनाउन सकिन्छ भन्नेमा विश्वस्त छौं", मुख्यमन्त्री जम्कट्टेलले भन्नुभयो, "हामीले युवा र खेलकुदलाई महत्व दिएका छौं । हामी उपयुक्त संरचना खडा गरेर काम गर्नेछौं । नयाँ ढंगले युवा र खेलकुदलाई परिचालन गर्नेछौं ।" सम्मेलनको समापन समारोहलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले प्रथम बागमती प्रदेश युवा सम्मेलन २०८० ले जारी गरेको घोषणापत्रका बुँदालाई शत्प्रतिशत


कार्यान्वयन गर्ने बताउनु भयो ।

आगामी आर्थिक वर्षको बजेट बनाउनु अघि नै सम्मेलन आयोजना गर्न पाएको भए अझ राम्रो हुने अपेक्षा गर्दै मन्त्री मोक्तानले अगाडि थप्नुभयो, "अहिले सम्पन्न भएको सम्मेलनबाट प्राप्त युवाका सल्लाह, सुझाव राम्रा आएको छ । हामी यसलाई शत्प्रतिशत कार्यान्वयन गर्नेछौं ।" आगामी वर्ष परिषद्लाई अझ प्रभावकारी र रचनात्मक तवरले युवाका विचमा लानेछौ । सिप विकास नवप्रर्वतनको क्षेत्रमा उल्लेखनिय ढंगबाट हामी सक्रिय रहने कुराको प्रतिवद्धता व्यक्त गर्न चाहान्छु ।

न्यून बजेटका बाबजुद पनि राम्रा कार्यक्रम गर्न सकिन्छ भन्ने उदाहरण प्रथम प्रदेश युवा सम्मेलनले पुष्टि गरेको उल्लेख गर्नुहुँदै मन्त्री मोक्तानले प्रदेश युवा परिषद्ले प्रभावकारी कार्यक्रम सञ्चालन गर्दै आएकोमा खुसी व्यक्त गर्नुभयो । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव रामकृष्ण पुडासैनीले सम्मेलनमा महत्वपूर्ण सवाल उठान भएको बताउनु भयो । युवा लक्षित सीप विकासका कार्यक्रम, युवाका लागि परामर्श सेवा र प्रविधि हस्तान्तरणमा मन्त्रालयले आवश्यक सहजीकरण गरिरहेको उहाँको भनाइ थियो ।

# ११ बुँदे घोषणापत्र

२ दिनसम्म चलेको प्रथम बागमती प्रदेश युवा सम्मेलनले छलफल मार्फत आएका विविध विषयहरुमा छलफल गरी ११ बुँदे घोषणापत्र जारी गरी सो घोषणापत्र प्रदेशका मुख्य मन्त्री शालिकराम जम्कट्टेललाई हस्तान्तरण गर्दै सम्पन्न भएको थियो ।




बागमती प्रदेशका युवालाई सक्षम र सशक्त बनाउँदै युवासँग सम्बन्धित पाँच विविध विषयमा आधारित भए छलफल गरी ती विषयलाई घोषणापत्रको रुपमा तयार गरी प्रदेश तथा संघीय सरकार समक्ष प्रस्तुत गरी ती विषयहरुलाई सरकारको नीति तथा कार्यक्रमहरु मार्फत सुनुवाई गर्न पैरवी गर्ने उद्देश्यले २०८० असार ११ र १ गते प्रदेश राजधानी हेटौंडामा प्रदेशका १३ जिल्लाबाट समावेशीरुपमा छनौट भई आउनुभएका १५० भन्दा बढी युवाको सक्रिय सहभागितामा ११ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

१. युवालाई आयआर्जनसँग जोड्न बागमती प्रदेशका १३ जिल्लाका ११९ वटा पालिकाहरुमा सीप विकास तालिम केन्द्रहरुको स्थापना गरी रोजगारीका लागि युवालाई सक्षम बनाउन प्रदेश तथा संघीय सरकार समक्ष पैरवी गर्ने ।

२. युवाद्वारा उत्पादन गरिएका सामग्रीको बजार, उत्पादन, रोजगार, अन्य अवसर तथा युवासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरुको जानकारी गराउने युवा बजारको अवधारणा विकास गरी कार्यान्वयन गर्ने ।

३. शैक्षिक कार्यक्रमहरु युवाको वृत्तिविकासमा प्रत्यक्ष परिवर्तन देखिने शैक्षिक पाठ्यक्रम निर्माण गर्ने र इच्छा अनुसारको जीवनउपयोगी सीप सिकाउने र प्रत्यक्ष रुपमा आम्दानी हुने उमेर लक्षित सीप र काम भन्ने कार्यक्रमहरु निर्माण गर्ने ।

४. देशका शैक्षिक संस्थाहरुलाई उत्पादनसँग जोड्न रनागरिकमा उद्यम भावनाको बिजारोपण गर्ने उद्देश्यले बागमती प्रदेशका १३ जिल्लाका ११९ पालिकाहरुमा रहेका ७०३१ वटै सामुदायिक विद्यालयहरुमा एक शिक्षण संस्था एक उद्यम र उत्पादन को नाराका साथ कार्यक्रम सञ्चालन गर्न पहल गर्ने ।

५. प्रदेश युवा परिषद्ले सम्बन्धित मन्त्रालय मार्फत् जीवनउपयोगी सीप सिकाउने र प्रत्यक्ष रुपमा आम्दानी हुने उमेर लक्षित सीप र काम भन्ने नाराका साथ नीति तथा कार्यक्रम तर्जुमा गर्न पहल गर्ने ।

६. सहज र सहुलियत कर्जा, बजारको सुनिश्चितता र दिगो उद्यमशीलता तथा उत्पादनको निश्चितता हुने गरी सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरुमा परिमार्जन गर्दै युवा लक्षित व्यापारमैत्री उत्पादन लाई जोड दिन जोखिम हुने उद्यममा व्यावसायिक सुरक्षाको जोखिम लिन सक्ने वातावरण तयार गर्न पहलकदमी लिने ।

७. देशप्रतिको सम्मानभाव प्रकट गर्दै असल जिम्मेवार नागरिकको भावना विकास गर्ने अभिप्रायले कक्षा ११ र १२ को औपचारिक अध्ययन पश्चात् हरेक युवालाई अनिवार्यरुपमा युवाको रुची तथा विषयगत क्षेत्रमा न्युनतम ३ महिना स्वयम्सेवकका रुपमा कार्य गर्ने अवधारणालाई अवलम्बन गर्न नीतिगत निर्णय गरी अगाडि बढ्न पहल गर्ने ।

८. सरकारको नीति, कार्यक्रम र योजना निर्माणको प्रक्रियामा युवाको सहभागिता र विकास परियोजनाहरुमा प्रत्यक्ष संलग्नता सुनिश्चित गर्न योजना प्रक्रियालाई युवामैत्री बनाउन जोड दिने ।

९. सूचना प्रविधिको प्रभावकारी प्रयोग र उपायोगिताको र सुरक्षित इन्टरनेट र सामाजिक सञ्जाल प्रयोगका लागि युवा परिषद्को अगुवाइमा प्रदेशका सबै जिल्लामा सूचना प्रविधिको समुचित र उपयोगी प्रयोग केन्द्रित अभियान सञ्चालन गर्ने ।

१०. युवाको नवीनतम सोच र प्रयोगका साथै आविष्कार गरिएका प्रविधि, उत्पादन र विशेष खालको खोज, अनुसन्धानहरुमा राज्यको सहयोग र प्रवर्द्धनमा साझेदारी भई कार्य गर्न जोड दिने । उद्यमशीलता तथा व्यवसायमा युवालाई प्रेरित गर्ने गरी कानुनी प्रक्रियालाई सरलीकृत गर्ने ।

११. जलवायु परिवर्तन र वातावरण प्रदूषण लगायतका समस्याहरुको विषयमा छलफल पैरवी गरी वातावरण संरक्षणमा युवा सहभागिता बढाई अन्तर्राष्ट्रिय अभ्यास अवलम्बन गर्ने ।




**Group photo at Clossing Ceremony of Bagmati Province Youth Summit 2080**

# जिल्लाको समुहगत तस्वीरहरु


























## जिल्लाको समुहगत तस्वीरहरू










## कार्यक्रमका झलकहरू







